नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

प.सं.: २०८१/८२ ब.का. तथा शो.भ

च.नं.: 09

मितिः २०८१/०४/०७

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

विषयः आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख,

कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।

अर्थ मन्त्रालयको च.नं. १ र २, मिति २०८१/०४/०१ को आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम चालु आ.व. २०८१/८२ को विनियोजन ऐन, २०८१ का अतिरिक्त आर्थिक व्यवस्थापनसँग सम्बन्धित अन्य प्रचलित कानुनको अधिनमा रही सङ्घीय सञ्चित कोष माथि व्ययभार हुने रकम र सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकमहरुको निकासा, खर्चको लेखाङ्कन र नियमित प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाउनु हुनेछ। यसका साथै निम्न विषयहरुमा तहाँबाट बजेट निकासा लिई खर्च लेख्ने जिल्लास्थित सबै निकायहरुलाई चालु आ.व. २०८१/८२ को प्रारम्भ देखि नै यसै मार्गदर्शन बमोजिम गर्ने/गराउने गरी व्यवस्था मिलाउनु हुन र समग्र वित्तीय अनुशासन कायम गर्ने उद्देश्य प्राप्तिको लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवम् आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनिवार्य रुपमा परिपालना गर्नु/गराउनु हुन जानकारी गराउँदछु ।

## (क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) बीच अन्तरआवद्धता रहेको हुँदा चालु आर्थिक वर्ष २०८१/८२ को LMBIS मा समावेश भएको बजेट तथा कार्यक्रम एकल खाता कोष प्रणाली (TSA) अनुसार भुक्तानी निकासाको व्यवस्था गर्नु हुनेछ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट २०८१ फाल्गुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८१ चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने व्यवस्था भएकाले सो अनुसार भए वा नभएको अनुगमन गर्नु हुनेछ।

३. अनुदान संकेत नं. ६०२ बाहेकको खर्च संकेत नं. २८९११ (भैपरी आउने - चालु खर्च) र ३१५११ (भैपरी आउने - पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत भए पश्चात मात्र भुक्तानी/निकासा गर्नु हुनेछ।

## (ख) योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

४. विनियोजन ऐन, २०८१ को दफा ७ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नु पर्ने

महालेखा नियन्त्रक

फोन: ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स: ९७७-१-४७७१२९१,
इमेल: info@fcgo.gov.np

भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गरेमा सोही अनुसार गर्नु/गराउनु हुनेछ।

५. माथि बुँदा नम्बर ४ अनुसार प्रदेश तथा स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सोही निर्णयलाई नै खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिने व्यवस्था भएकोले सोही अनुसार गर्नु/गराउनु हुनेछ।

६. प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम तथा आयोजना प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो कार्यक्रम/आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था मिलाइएको हुँदा सो अनुरुप भई आएमा भुक्तानी निकासाको व्यवस्था गर्नु हुनेछ।

७. माथि बुँदा नं. ६ बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना तथा कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिने व्यवस्था भएकोले सोही अनुसार गर्नुहुनेछ। यसको लेखापरीक्षण सम्बन्धित प्रदेश सरकारले नै गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ ।

८. स्थानीय तहको कार्यक्रम/आयोजना नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा उक्त स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खाता (क-२.६ समूह) मा जम्मा हुने गरी रकम निकासा गर्नुहुनेछ। यसको प्रतिवेदन र लेखापरीक्षण सम्बन्धित स्थानीय तहले नै गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

९. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ को उपदफा (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले आयोजना कार्यान्वयनका लागि आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम तोकिएका शर्तको पालना गराउने र वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू समेत पालना गर्नु/गराउनु हुनेछ।

१०. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा वैदेशिक सहायता समावेश भएमा प्रदेश तथा स्थानीय तहले सम्बन्धित मन्त्रालय / विभाग / आयोजना कार्यालय / आयोजना समन्वय कार्यालयमा आवधिक रुपमा वित्तीय विवरणहरु पठाए/नपठाएको अनुगमन गर्नु हुनेछ।

महालेखा नियन्त्रक

फोन: ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स: ९७७-१-४७७१२९१,
इमेल: info@fcgo.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

११. कार्यक्रम/आयोजनाको भौतिक प्रगतिका आधारमा मात्र भुक्तानी/निकासा दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो त्रैमासिक भुक्तानी/निकासाको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो त्रैमासिक भुक्तानी/निकासाको लागि ३० प्रतिशत र तेस्रो त्रैमासिक भुक्तानी/निकासाका लागि सो अवधि सम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ। सोभन्दा कम भौतिक प्रगति भएको अवस्थामा सम्बन्धित मन्त्रालयको सचिवबाट आगामी त्रैमासिक अवधिमा भौतिक प्रगति पुरा गर्ने प्रतिवद्धता प्राप्त गरी भुक्तानी/निकासा हुने व्यवस्था मिलाउनु हुनेछ।

१२. ए.डि.बि./पि.बि.एल.-पि.एफ.एम (ADB/PBL-PFM), आई.एम.एफ/ई.सि.एफ (IMF/ECF), आइ.डि.ए./डि.पि.सि-ग्रिड (IDA/DPC-GRID), ए.डि.बि/पि.बि.एल-ग्रिड (ADB/PBL-GRID) लगायत बजेटरी सहायतातर्फको कार्यक्रमको दोश्रो त्रैमासिक सम्मको बजेट फुकुवा गरिएको छ तर बजेटरी सहायता बाहेकको नगद ऋण तथा नगद अनुदान रकम भुक्तानी/निकासा गर्न भने यस कार्यालयको स्रोत फुकुवा आवश्यक पर्नेछ। यसैगरी शोधभर्ना हुने अनुदान तथा ऋण समावेश भएको कार्यक्रमको दोश्रो त्रैमासिक सम्मको बजेट फुकुवा गरिएको छ भने तेश्रो र चौथो त्रैमासिकको बजेट भुक्तानी/निकासा गर्दा यस कार्यालयको स्रोत फुकुवा अनिवार्य हुनेछ।

१३. वैदेशिक सहायताबाट संचालन हुने आयोजनाको लेखांकन, प्रतिवेदन र स्रोत फुकुवाको लागि Project Accounting Module कार्यान्यनमा ल्याइएको र फुकुवालाई CGAS/TSA संग समेत आवद्ध गरिएकोले सोही बमोजिम बजेट निकासा व्यवस्था मिलाउनु हुनेछ।

१४. आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रममा समेत विनियोजन भएको र गत आ.व. २०८०/८१ मा प्रचलित कानून, स्वीकृत मापदण्ड बमोजिम विधिसम्ममत रुपमा खर्च शीर्षक ३११५१-सडक तथा पुल निर्माण, ३११५५-सिंचाई संरचना निर्माण, ३११५६-खानेपानी संरचना निर्माण, ३११५८ सरसफाई संरचना निर्माण, ३११५९-अन्य सार्वजनिक निर्माणमा सिर्जित दायित्व कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणीत भएको म.ले.प.फा.नं. २२१ को हकमा सम्बन्धित आयोजना तथा कार्यक्रमको जुनसुकै त्रैमासिकमा विनियोजन भएको रकमबाट भुक्तानी/निकासा गर्नु/गराउनु हुनेछ।

१५. समपुरक कोष (Matching Fund) का रुपमा नेपाल सरकारको श्रोत समेत संलग्न रहेको कुनै आयोजनाको वैदेशिक ऋण तथा अनुदान संझौता प्रभावकारी नभएको कारणले वैदेशिक श्रोत फुकुवा नभए सम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ भने अन्तर सरकारी वित्तीय हस्तान्तरणको हकमा क्रियाकलापगत आधारमा रोक्का रहनेछ। यसमा वैदशिक स्रोत समावेश भएका कार्यक्रम/आयोजनामा नेपाल सरकारको लगानी (स्रोत) समपूरक कोष (Matching Fund) को रुपमा लगानी भएको हो/होइन, कार्यक्रम/आयोजनासँग सम्बन्धित मन्त्रालयबाट एकीन गरिएको पत्र प्राप्त गरी समपूरक कोष (Matching Fund) को रुपमा नेपाल सरकारको लगानी समावेश नभएका

कार्यक्रम/आयोजनाको हकमा वैदशिक स्रोतको बजेट फुकुवा नभए तापनि नेपाल सरकार स्रोततर्फको बजेट निकासा गर्नु/गराउनु हुनेछ।

१६. बजेटमा सोझै भुक्तानी र वस्तुगत सहायता विधि समेत समावेश भएको आयोजना कार्यालयहरुले मासिक रुपमा सोझै भुक्तानी र वस्तुगत सहायताको विवरण CGAS मा प्रविष्टि गरी भुक्तानी आदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुन र सोको अनुगमन मासिक रुपमा गर्नु हुनेछ।

१७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ बमोजिम प्रतिवद्धता रकमको एकीकृत विवरण तयार गर्नको लागि खरिद सम्झौता रकम, हालसम्मको भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने समय आदि विवरणहरु CGAS मा अभिलेख राख्ने र राख्न लगाउनु हुनेछ। CGAS मा प्रतिवद्धता रकमको प्रविष्टि गरेर मात्र रकम भुक्तानी गर्नुपर्ने भएकोले खरिद सम्झौता बापतको रकम भुक्तानी/निकासागर्दा प्रतिवद्धताको अभिलेख प्रविष्टि पश्चात मात्र भुक्तानी/निकासागर्ने व्यवस्था मिलाउनु हुनेछ। विगत आर्थिक वर्षहरुमा खरिद सम्झौता भई कार्य सम्पन्न भइनसकेका खरिद सम्झौताको हकमा समेत सोही बमोजिम प्रतिवद्धताको अभिलेख राख्नुपर्ने विषयलाई अनिवार्य रुपमा कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

१८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम (६) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको त्रैमासिक विभाजन बमोजिम मासिक खर्च अनुमानको विवरण CGAS मा प्रविष्टि गर्ने व्यवस्था मिलाउनुहुनेछ। बजेट थप घट भएको अवस्थामा खर्च अनुमानलाई पनि समायोजन गर्नुपर्ने भएकोले सोही बमोजिम गर्नु/गराउनु हुनेछ।

१९. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ।

## (घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

२०. अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, घरभाडा लगायतका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न पाइने छैन। तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन भए/नभएको अनुगमन गर्नु हुनेछ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी/निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा क्रियाकलापमा आधारित बजेट विनियोजन भएको हुँदा क्रियाकलाप अनुसार नै निकासा र भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ। प्रदेश र स्थानीय तहमा भएको सशर्त वित्तीय हस्तान्तरणको खर्चको लेखाङ्कन विषयगत मन्त्रालयको बजेट उपशीर्षक अनुसार देखिने गरी व्यवस्था मिलाउनु हुनेछ।

महालेखा नियन्त्रक

२२. अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट सृजित दायित्वका लागि रकमान्तर र थप निकासा नहुने व्यवस्था गरिएकोले यस्तो दायित्व पछिल्ला आर्थिक वर्षमा सर्ने गरी भुक्तानी दिन बाँकी समेतमा राख्न नपाईने हुँदा सोही अनुरुप गर्नु/गराउनु हुनेछ।

२३. सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु/गराउनु हुनेछ।

२४. स्वीकृत दरबन्दी र विनियोजित बजेटको सीमाभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्नु/गराउनु हुनेछ। सेवा करारमा राख्न सकिने पदको स्थायी दरबन्दी रिक्त भएको अवस्थामा सम्बन्धित मन्त्रालय अन्तर्गत फाजिलमा रहेका कर्मचारीबाट पदपूर्ति गर्नुपर्ने र यसरी पदपूर्ति गर्न सम्भव नभएमा सम्बन्धित मन्त्रालय मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउँदा पनि पदपूर्ति हुन नसकेमा अर्थ मन्त्रालयको सहमति लिनु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु/गराउनु हुनेछ।

२५. बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकतामा राख्नुहुनेछ। बेरुजु फछ्र्यौटको कार्य स्थायी दरबन्दी भित्रका जनशक्तिबाट सम्पन्न गराउनुपर्ने र सोका लागि करारमा थप जनशक्ति राख्न नहुने व्यवस्था भएकोले उक्त प्रावधान कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

२६. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम रूपमा मितव्ययिता अपनाई खर्च भए/नभएको अनुगमन गर्नु हुनेछ।

२७. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कन, स्थानीय तहले गरेको मूल्याङ्कन र धितो बन्धकीको लागि बैंकले कायम गरेको मूल्याङ्कन समेतलाई आधारका रुपमा लिनु हुनेछ।

२८. सरकारी कार्यालयहरूले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नुपर्नेछ। त्यस्तो हुन नसकेमा व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्ने व्यवस्थाको कार्यान्वयन भए/नभएको अनुगमन गर्नु हुनेछ।

**(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

२९. खर्च, कार्य सञ्चालन कोष, धरौटी तथा अन्य कोषको लेखा राख्दा CGAS, राजश्वको लेखा राख्दा RMIS तथा सम्पत्तिको लेखाङ्कन PAMS मा लेखा राखे र प्रतिवेदन गर्ने कार्य गर्नु/गराउनु हुनेछ।

३०. विनियोजन ऐन, २०८१ बमोजिम समानीकरण अनुदान बाहेक विनियोजन भई खर्च नभएको रकम स्वतः फ्रिज हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी/निकासा दिई लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३१. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक र परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

तलब, भत्ता, औषधी उपचार, उपदान, सञ्चित विदा र सामाजिक सुरक्षा भत्ता लगायतका सबै प्रकारका भुक्तानीहरु लाभग्राहीको बैंक खातामा विधुतीय प्रणाली मार्फत सोझै भुक्तानी गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

३२. विनियोजन ऐन, २०८१, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सरकारी नीति लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानूनको पालना गरी/गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

(च) खर्चको अख्तियारी

३३. बजेट उपशीर्षक ६०१०००१२ उपदान, बजेट उपशीर्षक ६०१०००१३ संचित विदा र बजेट उपशीर्षक ६०१०००१६ औषधी उपचार रकम, अवकास प्राप्त निजामती सेवा, स्वास्थ्य सेवा, संसद सेवाका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल लगायतका राष्ट्रसेवकको लागि माग भएको अवस्थामा प्रचलित कानुन बमोजिम भुक्तानी दिनुपर्ने रकम यकीन गरी संघीय सरकार अन्तर्गतका कार्यालयको हकमा सम्बन्धित कार्यालयको नाममा सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकमा LMBIS बाट रकमान्तर गरिदिने र सम्बन्धित कार्यालयले अख्तियारी अनुसार भुक्तानी/निकासा माग गरी खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३४. उपदान, संचित विदा र औषधी उपचार रकम २०८१ माघ मसान्तसम्म भुक्तानी/निकासा दिनुहुनेछ र तत् पश्चात यस कार्यालयको निर्देशन अनुसार गर्नु हुनेछ।

३५. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भई कानुन बमोजिम सुविधा पाउने गरी अवकास भएका निजामती सेवा, स्वास्थ्य सेवा र संसद सेवाका कर्मचारीको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा सम्बन्धित बजेट उपशीर्षक र खर्च शीर्षकमा LMBIS बाट रकमान्तर गर्ने र अख्तियारी अनुसार भुक्तानी/निकासा माग गरी खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(छ) प्रदेश र स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था

३६. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहले राजस्व र व्ययको अनुमान सम्बन्धित सभामा पेश गरी पारित गरेको विवरण प्राप्त भएपछि मात्र सबै प्रकारका अनुदान हस्तान्तरण गर्नु हुनेछ।

३७. वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम सम्बन्धित सञ्चित कोषमा क्रमशः २०८१ भाद्र २ गते, २०८१ कार्तिक २ गते, २०८१ माघ २ गते र २०८२ बैशाख २ गते गरी चार किस्तामा हस्तान्तरण गर्नु हुनेछ। यसरी हस्तान्तरण गर्दा तेस्रो र चौथो किस्ताको समानीकरण अनुदान विनियोजन ऐन, २०८१ को दफा ६ को उपदफा (४) बमोजिम राजस्व लक्ष्य र सङ्कलनको

अनुपातको आधारमा निर्धारण गरी हस्तान्तरण गरिने भएकोले तेस्रो र चौथो किस्ताको समानीकरण अनुदान हस्तान्तरण गर्दा यस कार्यालयको निर्देशन अनुसार गर्नु हुनेछ।

३८. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश र स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा २०८१ कार्तिक १ गते, २०८१ माघ १ गते, २०८२ वैशाख १ गते भित्र पेश गर्नुपर्ने व्यवस्था रहेकोले सो विवरण प्राप्त भएपछि मात्र वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नु हुनेछ। वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र प्राप्त गर्नु हुनेछ।

३९. प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम/आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यक्रम/आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्राप्त गर्नु हुनेछ।

४०. पारित भएको राजस्व र व्ययको अनुमान प्राप्त भएपछि सशर्त अनुदानको एक तिहाईले हुन आउने रकम सम्बन्धित प्रदेश वा स्थानीय तहको सञ्चित कोषमा प्रत्येक वर्षको भाद्र २ गते भित्र हस्तान्तरण गर्नुहुनेछ तर वैदेशिक स्रोत (नगद ऋण र नगद अनुदान) समावेश भएको हकमा स्रोत फुकुवा आवश्यक पर्नेछ।

४१. प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएका योजना तथा कार्यक्रमको भौतिक प्रगति तथा खर्च भएको रकमको त्रैमासिक विवरण २०८१ मंसिर १५ गते, २०८१ चैत्र १५ गते, र २०८२ असार १५ गते भित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको श्रावण मसान्तभित्र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउने व्यवस्था रहेकोले सोही अनुसार गर्नु/गराउनु हुनेछ।

४२. सशर्त अनुदानको खर्चको विवरणबाट क्रियाकलाप अनुसारको खर्च यकिन गरी प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम शोधभर्ना निकासा दिने व्यवस्था मिलाउनु हुनेछ।

४३. नेपाल सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश तथा स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नु/गराउनु हुनेछ।

४४. सशर्त, समपूरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकममा सम्बन्धित प्रदेशमा भएको खर्चको विवरण (बजेट उपशिर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधि) प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी प्रदेशमा जुन-जुन बजेट उपशिर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधिमा खर्च भएको छ सोही अनुसार CGAS/TSA कायम हुने गरी खर्च समायोजन गर्नु/गराउनु हुनेछ।

महालेखा नियन्त्रक

४५. सशर्त, समपूरक र विशेष अनुदान वापत वित्तीय हस्तान्तरण भएको रकममा सम्बन्धित स्थानीय तहबाट SuTRA मा भएको खर्चको विवरण (बजेट उपशिर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधि) प्राप्त गरी प्रदेशमा जुन-जुन बजेट उपशिर्षक, क्रियाकलाप, कम्पोनेन्ट, दातृ निकाय र भुक्तानी विधिमा खर्च भएको छ सोही अनुसार CGAS/TSA कायम हुने गरी खर्च समायोजन गर्नु/गराउनु हुनेछ।

४६. सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई वचत भएमा त्यस्तो वचत रकम सम्बन्धित प्रदेश र स्थानीय तहबाट चालु आर्थिक वर्षको आषाढ मसान्तभित्रै सङ्घीय सञ्चित कोष (सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च खाता) मा दाखिला गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

४७. कुनै कारणवस चालु आर्थिक वर्षको आषाढ मसान्त भित्र सशर्त, समपूरक र विशेष अनुदानको रकम फिर्ता हुन नसकेमा २०८२ श्रावण १५ गते सम्म सङ्घीय सञ्चित कोष (सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको बजेट खर्च खाता) मा दाखिला गराई २०८२ आषाढ मसान्तको मितिमा एकल खाता कोष प्रणालीमा निकासा समायोजन गर्नु पर्नेछ।

४८. बुँदा नं ४६ र ४७ वमोजिम वचत रकम फिर्ता दाखिला नभएमा सम्वन्धित प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानवाट कट्टा गरी सङ्घीय सञ्चित कोष (अनुदान फिर्ता) मा दाखिला गर्नुहुनेछ। वित्तीय समानीकरण अनुदानवाट कट्टा गर्न अपुग भएमा सम्वन्धित प्रदेश र स्थानीय तहको चालु आर्थिक वर्षमा हस्तान्तरण हुने राजस्व बाँडफाँट वा रोयल्टी बाँडफाँटको रकमवाट कट्टा गरी समायोजन गर्नका लागि यस कार्यालयमा जानकारी गराउनु हुनेछ।

४९. गत विगत आर्थिक वर्षहरुको सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने वचत रकम फिर्ता दाखिला नगरेमा बुँदा नं ४८ अनुसार फिर्ता दाखिला गर्ने व्यवस्था गर्नु हुनेछ।

(ज) प्रतिवेदन तथा लेखाङ्कन

५०. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा सबै स्थानीय तहको आर्थिक कारोबारको बजेटिङ्ग, लेखाङ्कन र प्रतिवेदन अनिवार्य रुपमा गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

५१. विनियोजन ऐन, २०८१ को दफा ८ को ३ बमोजिम नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरण गर्दा बजेटको स्रोत र भुक्तानी विधि समेत खुलाई पठाउनुपर्नेछ। त्यसरी प्राप्त भएको वैदेशिक स्रोतको रकम सम्वन्धित प्रदेश वा स्थानीय तहले बार्षिक बजेट तथा कार्यक्रममा सोही बमोजिमको स्रोत कायम गरी कार्यान्वयन गर्नु गराउनु हुनेछ।

५२. बुदाँ नं ५१ बमोजिमको सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्वन्धित मन्त्रालय, सम्वन्धित सोधभर्ना माग गर्ने निकाय र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्ने ब्यवस्था गर्नु गराउनु हुनेछ ।

महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

५३. एक स्थानीय तहबाट अर्को स्थानीय तहलाई प्राप्त हुने चालु अनुदान राजस्व शीर्षक नम्बर १३३१८ (अन्य अनुदान चालु) र पुँजिगत अनुदान, राजस्व शीर्षक नम्बर १३३२४ (अन्य अनुदान पुँजिगत) मा मात्र आम्दानी बाँध्नु पर्नेछ । स्थानीय तहको नाममा प्राप्त हुने बजेट बाहिरको (कुनै विषयगत मन्त्रालय, सडक बोर्ड वा नगर विकास कोष जस्ता निकायबाट प्राप्त हुने) रकम सम्बन्धित स्थानीय तहको नाममा खोलिएको ग-२.७ (विविध खर्च खाता) मा आम्दानी बाँधी सोही खाताबाट खर्च र प्रतिवेदन गर्नुपर्ने भएकोले यस बमोजिम भए नभएको अनुगमन गर्नु हुनेछ।

(झ) आन्तरिक लेखापरीक्षण

५४. आन्तरिक लेखापरीक्षण योजना तयार गरी भाद्र मसान्तभित्र अनिवार्य रुपमा TSA प्रणालीको आन्तरिक लेखापरीक्षण मोड्युलमा प्रविष्टि गर्नु/गराउनु हुनेछ।

५५. लेखापरीक्षण योजना अनुरुप त्रैमासिक अवधि समाप्त भएको एक महिना भित्र सो अवधिसम्मको आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी/गराई सोको प्रतिवेदन एकल कोष खाता प्रणाली (TSA) को आन्तरिक लेखापरीक्षण मोड्युलबाट गर्नु/गराउनु हुनेछ।

५६. आफ्नो कार्यक्षेत्रभित्रका सबै कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सो को एकीकृत वार्षिक प्रतिवेदन २०८२ भाद्र मसान्तभित्र अनिवार्यरुपमा TSA प्रणालीको लेखापरीक्षण मोड्युलमा प्रविष्टि गरी एक प्रति प्रतिवेदन महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु हुनेछ।

(ञ) विविध

५७. यस कार्यालयबाट जारी भएका आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५, आन्तरिक लेखापरीक्षण कार्यविधि, २०७९, सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि, २०७९, आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९, आन्तरिक लेखापरीक्षण हाते पुस्तिका, २०७८, एकल खाता कोष प्रणाली लगायतका प्रणाली सञ्चालन निर्देशिका समेतको आधारमा कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

बोधार्थः
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

(विनोद प्रकाश सिंह)
महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

फोन: ९७७-१-४७७१२९०, ९७७-१-४७७११३९ (For IT Support), फ्याक्स: ९७७-१-४७७१२९१,
इमेल: info@fcgo.gov.np